नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. : मं.बै./३२१/१०८६

मिति: २०७७/५/[illegible]

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ सम्बन्धी आदेश जारी गर्ने विषय मं.प.बै.सं. ३२/०७७ मिति २०७७/५/[illegible] को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा देहायबमोजिम गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायको आदेश जारी गर्ने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

१. छोटो, मध्यम र लामो दुरीमा जिल्लाभित्र तथा अन्तर जिल्लामा सञ्चालन हुने निजी तथा सार्वजनिक सवारी साधनको सञ्चालन स्थगन गरिएकोमा देहायबमोजिम हुने गरी मिति २०७७/६/१ देखि सञ्चालन गर्ने।

(क) सिट क्षमताको ५०प्रतिशत यात्रु रहने।

(ख) भौतिक दुरी कायम हुने गरी एक पङ्क्तिको सिटमा १ जना मात्र यात्रु राख्ने। सिटमा बाहेक यात्रु राख्न नपाउने।

(ग) सबै यात्रुले मास्क लगाउने।

(घ) यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरसमेतको व्यवस्था गर्ने।

(ङ) चालक तथा सहचालकले मास्क, भाइजर र पञ्जा लगाउने।

(च) सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्ने।

(छ) यो व्यवस्था लागू रहँदासम्म तोकिएको भाडा दरमा अधिकतम थप ५० प्रतिशतसम्म भाडा लिन सक्ने।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

(ज) सार्वजनिक यातायात सञ्चालन र यात्रु व्यवस्थापनसम्बन्धी थप र विस्तृत मापदण्ड भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने।

(झ) सार्वजनिक यातायात सञ्चालन तथा यात्रु व्यवस्थापन यस दफाबमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पूर्ण पालना भए नभएको अनुगमन यातायात व्यवस्थापन विभाग, यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरीले गर्ने/गराउने।

२. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट कोभिड-१९ को सङ्क्रमण जोखिमको विश्लेषणका आधारमा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम कोभिड-१९ को सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सम्बन्धित जिल्लाभर वा जिल्लाको कुनै भागमा मात्र लागू हुने गरी आवश्यकताअनुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले आवश्यक व्यवस्था गर्न सक्ने।

३. आन्तरिक हवाई उडान देहायबमोजिम हुने गरी मिति २०७७।६।१ देखि सञ्चालन गर्ने।

(क) सिट क्षमताको ५० प्रतिशत यात्रु राख्ने।

(ख) भौतिक दुरी कायम हुने गरी एक पङ्क्तिको सिटमा १ जना मात्र यात्रु राख्ने।

(ग) सबै यात्रुले मास्क र भाइजर लगाउने।

(घ) यात्रु चढ्ने समयमा विमानको ढोकामा र प्रत्येक सिटमा सेनिटाइजरको व्यवस्था गर्ने।

(ङ) विमान चालक तथा अन्य उडान कर्मचारीहरूले अनिवार्य रूपमा मास्क, भाइजर र पञ्जा लगाउने।

(च) विमानलाई प्रत्येक उडानपछि निसङ्क्रमित गर्ने।

(छ) यो व्यवस्था लागू हुने अवधिसम्मको भाडादरसम्बन्धी व्यवस्था संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिलाउने।

(ज) आन्तरिक हवाई उडान सञ्चालन र व्यवस्थापनसम्बन्धी थप र विस्तृत मापदण्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने/गराउने।

(झ) हवाई उडान सञ्चालन तथा व्यवस्थापन यस दफाबमोजिम भए नभएको र स्वास्थ्य तथा सुरक्षा मापदण्डको कडाइका साथ पूर्ण पालना भए नभएको अनुगमन नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्ने/गराउने।

४. अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देहायबमोजिम गर्ने।

(क) स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना गर्न/गराउन विमान स्थल व्यवस्थापनको क्षमता, सङ्क्रमण जोखिमको विश्लेषण र आवश्यकता एवं औचित्यको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नियमित तथा चार्टर उडान अनुमति दिने। यात्रुहरूको आगमन र प्रस्थानको समयमा स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्डको कडाइका साथ पूर्ण पालना संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने/गराउने।

(ख) यात्रा सुरु गर्नुभन्दा अगाडि बढीमा ७२ घण्टाभित्रको RT-PCR नेगेटिभ रिपोर्ट नभएका यात्रुहरू ल्याउन नपाइने। यो व्यवस्थाको कडाइका साथ पूर्ण कार्यान्वयन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गर्ने/गराउने।

(ग) अन्तर्राष्ट्रिय उडान सञ्चालन तथा व्यवस्थापनसम्बन्धी थप र विस्तृत मापदण्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको समन्वयमा तयार गरी लागू गर्ने/गराउने।

५. हिमाल आरोहण र पदयात्रा प्रयोजनका लागि नेपाल आउने विदेशी पर्यटकहरूलाई यात्रा सुरु गर्नुभन्दा अगाडि बढीमा ७२ घण्टाभित्रको RT-PCR नेगेटिभ रिपोर्टसहित यात्रा गर्न चाहेमा २०७७ कात्तिक १ तद्अनुसार सन् २०२० अक्टोबर १७ देखि यात्रा अनुमति दिने। यसका लागि विदेशस्थित नेपाली नियोगले प्रवेशाज्ञा जारी गर्ने।

६. मिति २०७७ असोज १ गतेदेखि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य मापदण्ड पालना गरी होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन गर्ने। होटल, रेष्टुरेण्ट, ट्रेकिङ तथा ट्राभल्स व्यवसाय सञ्चालन

गर्दा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड कडाइका साथ पूर्ण पालना भए नभएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अनुगमन गर्ने।

७. विकास आयोजनाहरू सञ्चालनका लागि अत्यावश्यक पर्ने प्राविधिक जनशक्तिलाई आयोजना सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयको सिफारिसमा RT-PCR नेगेटिभ भएको (यात्रा गर्नुभन्दा ७२ घण्टाभित्रको) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रूपमा रहने गरी नेपाल प्रवेश गर्न अनुमति दिने। रेल विभाग र KRCL बीच भएको DEMU Train खरिद सम्झौताबमोजिम DEMU Train Sets को Commissioning गर्न नेपाल आउने २० जना भारतीय प्राविधिकलाई RT-PCR नेगेटिभ भएको (यात्रा गर्नुभन्दा ७२ घण्टाभित्रको) रिपोर्टसहित आयोजनाले व्यवस्था गरेको आवासमा अनिवार्य रूपमा रहने गरी नेपाल आउन अनुमति दिने।

८. उपलब्धता र उपयुक्तताको आधारमा दूर शिक्षालगायतका वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण तथा सिकाइ कार्यलाई निरन्तरता दिने।

९. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरूले नियमित रूपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने। यसरी कार्यालय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने।

१०. देहायबमोजिमका सेवा र कार्यहरू अर्को सूचनाबाट तोकिएको मितिदेखि सञ्चालन गर्ने।

(क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र);
(ख) शैक्षिक र अन्य परीक्षा सञ्चालन;
(ग) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार;
(घ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन;
(ङ) सिनेमा हल, पार्टीप्यालेस, डान्सबारलगायतका मनोरञ्जन स्थल;
(च) सैलुन, ब्यूटिपार्लर तथा स्पा;
(छ) स्वीमिङपुल, जिमखानालगायत हेल्थ क्लब;
(ज) समूहमा खेलिने खेलकुद र खेल मैदानमा हुने प्रस्तुति;
(झ) अन्तर्राष्ट्रिय खेलकुदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेल;
(ञ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल;
(ट) पुस्तकालय, संग्रहालय र चिडियाखाना।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्या :

च.नं. :



११. दफा ९ बमोजिमका सेवा र कार्यहरू बाहेकका उद्योग, कलकारखाना लगायतका सेवा व्यवसाय सञ्चालन गर्दा सञ्चालक, व्यवस्थापक, कर्मचारी, श्रमिकलगायत सबैले स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने/गराउने।
यसरी मापदण्ड पालना भए नभएको अनुगमन गर्ने दायित्व सम्बन्धित नियमनकारी निकायको हुने।

१२. यस आदेशमा उल्लेख भएकोबाहेक अन्य विषयमा नेपाल सरकारबाट समय-समयमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएका आदेशहरूबमोजिम हुने।

१३. नेपाल सरकारले जारी गरेको आदेश र लागू गरेका व्यवस्थाहरूको पालना गरी कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार कार्यमा साथ दिनु भएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ। जनस्वास्थ्यको रक्षाका लागि यात्रा गर्दा वा पेसा व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य र सुरक्षाका सबै मापदण्डहरू कडाइका साथ पूर्ण पालना गर्न/गराउन नेपाल सरकार हार्दिक अपिल गर्दछ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री सचिव, रक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np